नेपाल सरकार

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाडौं

## निरीक्षण अनुगमन सम्बन्धी विवरण

यस विभागबाट मिति २०८३/०५/३० गते काठमाडौं डिभिजन कार्यालय सहितको संयुक्त टोलीले उजुरी गुनासो व्यवस्थापनको लागि आकस्मिक (-यापिड रेस्पोन्स मोडालिटिमा) अनुगमन निरीक्षण गर्ने क्रममा उजुरी गुनासोमा उल्लेख गरे अनुसारको खाद्य व्यवसायको अनुगमन निरीक्षण गरी तालिकामा उल्लेख भए अनुसारको कारबाही गरिएको व्यहोरा अनुरोध छ।

| सि.नं. | खाद्य व्यवसायको विवरण | अनुगमन गर्दाको अवस्था/ कैफियत | निर्देशन / कारबाही |
|---|---|---|---|
| १. | एस एन टप वेभेरेज प्रा. लि भक्तपुर न.पा.-०२ | • केही पुराना तथा कुचिएको जारहरु प्रयोग भइ उक्त जारबाट पानी चुहिने र सो जार भित्र लेउ लागेको भनि प्राप्त गुनासो सम्बोधन गर्न अनुगमन गर्दा केही पुराना तथा कुचिएको जारहरु प्रयोग गरेको पाइयो<br>• सरसफाईको अवस्था सामान्य रहेको<br>• प्रशोधन कक्षमा भएको पाईपहरु लिकेज भएको तथा भुइँमा लेउ लागेको पाइयो<br>• व्यक्तिगत सरसफाईको अवस्था सामान्य रहेको। | • पुराना तथा कुचिएको पाँच (५) थान उद्योग परिसरमा रहेको नष्ट गरियो<br>• प्रशोधित पिउँने पानी उत्पादन मापदण्ड सम्बन्धी निर्देशिका, २०७४ बमोजिम कार्य गर्न<br>• थप अनुसन्धानका लागि प्रयोगशाला परिक्षणका गर्न जारको पानीको नमुना संकलन गरीएको। |
| २. | काठमाडौं डेरी प्रा. लि., ललितपुर म. न.पा.-२८ | • दूध तताउदा फाटेको र गन्हाएको भनि प्राप्त गुनासो सम्बोधन गर्न अनुगमन गर्दा उद्योगको सरसफाईको अवस्था सामान्य रहेको<br>• किट नियन्त्रणको व्यवस्था पर्याप्त नभएको<br>• उद्योगको प्रयोगशालामा प्रशोधित दुधको परिक्षण गर्दा सो दुधमा चिल्लो पदार्थको मात्रा तिन (३%) प्रतिशत भई मापदण्ड अनुकूल पाईएको<br>• व्यक्तिगत सरसफाईको अवस्था सन्तोषजनक रहेको। | • दुध तथा दुग्ध पदार्थको स्वच्छता सम्बन्धी निर्देशिका, २०७५ बमोजिम कार्य गर्ने<br>• किट नियन्त्रणको व्यवस्था थप प्रभावकारी मिलाउने<br>• थप अनुसन्धानका लागि प्रशोधित दुधको नमुना संकलन गरिएको। |
| **अनुगमन गरिएको खाद्य व्यवसायको कुल संख्याः दुई (२) वटा** | | | |

डा. बाल कुमारी शर्मा

वरिष्ठ खाद्य अनुसन्धान अधिकृत

२०८३/०५/३१

<u>अनुगमनका केहि झलकहरु</u>







